# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको स्वतः प्रकाशन

## २०८२ कार्तिक १ गतेदेखि पुस मसान्तसम्म



कर्णाली प्रदेश सरकार

## कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान

वीरेन्द्रनगर, सुर्खेत

https://kpta.karnali.gov.np
kpta.karnali@gmail.com
kpta.talim@gmail.com

# स्वतः प्रकाशन

नेपालको संविधानले नागरिकमा सूचनाको हक प्रत्याभूत गरेको छ। सूचनाको हकको संवैधानिक व्यवस्था कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ कार्यान्वयनमा छ। सार्वजनिक निकायले ३/३ महिनामा गतिविधिको विवरण प्रकाशित गर्नुपर्ने व्यवस्था छ।

## कार्यालयको परिचय

अहिले कायम रहेको कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थानमा वि.सं. २०३२ सालमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतको महिला विकास प्रशिक्षण केन्द्रको रुपमा स्थापना भएको थियो। नेपालको संविधान अनुसार देश संघीय संरचनामा रुपान्तरण भएसँगै साविक महिला विकास प्रशिक्षण केन्द्रको संरचनालाई प्रादेशिक स्तरको क्षमता विकासको महत्वपूर्ण निकायको रुपमा प्रयोग र उपयोगको अधिकार नेपाल सरकारले प्रदेश सरकारलाइ दिएको छ। उल्लेखित भौतिक सम्पत्ति र संरचनाको उपयोग गर्दै प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम प्रदेश सरकार मातहत सुशासन केन्द्रको स्थापना र सञ्चालन वि.सं. २०७६ कार्तिकमा भएको थियो।

समयक्रम अनुसार प्रदेश तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गर्ने निकायको रुपमा वि.सं. २०८० साउन ११ गते कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० जारी भएसँगै सोही केन्द्र भएको स्थानमा सोही संरचना र सम्पत्ति उपयोगसहित कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो। करिब चार विगाह जमिनमा प्रतिष्ठान अवस्थित रहेको छ। प्रतिष्ठानको दक्षिणमा रत्न राजमार्ग र बुलबुले ताल, उत्तर र पश्चिममा मध्यपश्चिम विश्वविद्यालय, पूर्वमा दैलेख जाने मुख्य सडक रहेको छ। कर्णाली प्रदेश सरकारको मिति २०७९ भाद्र ०२ को निर्णय बमोजिम जुम्लाको सिंजामा अन्तर्राष्ट्रिय अत्याधुनिक सुविधायुक्त पूर्वाधार सहितको प्रशिक्षण केन्द्रको संरचना निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको छ। प्रतिष्ठानले प्रदेश सरकार अन्तर्गतका १९२ कार्यालय र सो अन्तर्गत कार्यरत कर्मचारी, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, ५४ वटा गाउँपालिका, २५ वटा नगरपालिका र १० वटा जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरूका लागि क्षमता विकासका सन्दर्भमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

## कार्यक्षेत्र

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को बमोजिम प्रतिष्ठानको प्रमुख कार्यक्षेत्र देहाय बमोजिम रहेको छ।

(क) क्षमता विकास कार्यक्रम

(ख) अनुसन्धान

(ग) परामर्श सेवा

(घ) प्रदेशका तालिम प्रदायक निकायको नियमन

## प्रतिष्ठानको काम, कर्तव्य र अधिकार

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा ५ मा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। जस अनुसार प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

(क) प्रदेश र स्थानीय तहका सरकारी सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीको लागि प्रशिक्षण लगायत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

(ख) प्रदेश र स्थानीय तह सञ्चालन, व्यवस्थापन, विकास एवम् सुशासन लगायतका विभिन्न विषयमा अध्ययन, अनुसन्धान र परामर्श सेवा प्रदान गर्ने वा गराउने।

(ग) प्रदेशका निकाय, संघीय निकाय, अन्य प्रदेश, स्थानीय तह, अन्य निकाय र संगठित संस्थाको मागमा आधारित क्षमता विकास सम्बन्धी व्यावसायिक प्रशिक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कार्य गर्ने।

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने तालिम पाठ्यक्रम निर्धारण गर्ने, तालिमको गुणस्तर सुनिश्चित गर्ने र तत्सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण गर्ने।

(ङ) प्रदेश र स्थानीय सेवाका कर्मचारी वा कर्णाली प्रदेशमा कार्यरत संघीय निजामती तथा अन्य सरकारी सेवाका कर्मचारीको सेवा प्रवेश तथा सेवाकालीन तालिम सञ्चालन गर्ने।

(च) प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने वा निजी क्षेत्र वा सामुदायिक वा सामाजिक संघसंस्था र अन्य सरकारी निकायबाट माग भइ आएमा तालिम तथा क्षमता विकास कार्यक्रमका लागि प्रशिक्षण सञ्चालन गर्ने, विज्ञ व्यक्तिको सूची तयार गर्ने र एक्रिडेशन तथा सर्टिफिकेशन (प्रमाणीकरण) सम्बन्धी कार्य गर्ने।

(छ) विकास, समृद्धि र सुशासनका विविध पक्षमा नीति अनुसन्धान संस्थाको रुपमा कार्य गरी प्रदेश तथा स्थानीय तहलाई पृष्ठपोषण गर्ने र असल अभ्यासको अनुभव आदान प्रदान गर्ने वा गराउने।

(ज) विकास र सुशासनका सम्बन्धमा विश्विद्यालयका विद्यार्थीलाई इन्टर्नशिपको व्यवस्था गर्ने।

(झ) नेपाल सरकारको पूर्व स्वीकृति लिई प्रशिक्षण तथा अनुसन्धानका सम्बन्धमा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहकार्य गर्ने।

(ञ) निजी क्षेत्र, गैरसरकारी संस्था र अन्य संस्थाबाट त्यस्ता निकायका लागि आवश्यक जनशक्ति छनोटका लागि अनुरोध गरेमा सो सम्बन्धी कार्य गर्ने।

## सङ्गठन संरचना

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान
सुर्खेत

कार्यकारी निर्देशक

कार्यकारी निर्देशकको सचिवालय
ब.प्र.स./प्र.अ. ५/६ तह (प्र./सा.प्र.) - १

| अनुसन्धान तथा विकास शाखा | प्रशासन, योजना तथा प्रशिक्षण शाखा | आर्थिक प्रशासन शाखा |
|---|---|---|
| शा.अ./व.शा.अ. ७/८ तह (प्र./सा.प्र.) - १<br>ब.प्र.स./प्र.अ. ५/६ तह (प्र./सा.प्र.) - १ | उपसचिव/व.उपसचिव ९/१० तह (प्र.) - १<br>शा.अ./व.शा.अ. ७/८ तह (प्र./सा.प्र.) - १<br>ब.प्र.स./प्र.अ. ५/६ तह (प्र./सा.प्र.) - २<br>ह.स.चा. - २<br>कार्यालय सहयोगी - ४ (२ जना स्वीपर समेत) | ब.लेखा सहायक / लेखा अधिकृत ५/६ तह (प्र./लेखा) - १ |

जम्मा दरबन्दी - १४


## कर्मचारी विवरण

| क्र.सं. | नामथर | पद | तह | शाखा |
|---|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर शाही | कार्यकारी निर्देशक | | |
| २ | राम बहादुर सारू | शाखा अधिकृत | अधिकृत सातौँ | अनुसन्धान तथा विकास शाखा |
| ३ | मुकुन्द भट्टराई | शाखा अधिकृत | अधिकृत सातौँ | प्रशासन, योजना तथा प्रशिक्षण शाखा |
| ४ | कृष्णा बि.क. | प्रशासकीय अधिकृत | अधिकृत छैटौँ | प्रशासन, योजना तथा प्रशिक्षण शाखा |
| ५ | राजेश आचार्य | प्रशासकीय अधिकृत | अधिकृत छैटौँ | जिन्सी |
| ६ | बिबेक श्रेष्ठ | लेखा अधिकृत | अधिकृत छैटौँ | आर्थिक प्रशासन शाखा |
| ७ | संदिप शर्मा | कम्प्युटर अधिकृत | अधिकृत छैटौँ | |
| ८ | कमल सापकोटा | प्रशासकीय अधिकृत | अधिकृत छैटौँ | कार्यकारी निर्देशकको सचिवालय |
| ९ | लोक प्रसाद ढकाल | बरिष्ठ सहायक प्रशासन | सहायक पाँचौ | अनुसन्धान तथा विकास शाखा |
| १० | गंगाराम आचार्य | ह.स.चा. | | |
| ११ | | ह.स.चा. | | |
| १२ | खुम प्रसाद ढकाल | कार्यालय सहयोगी | | दर्ता चलानी / जिन्सी |
| १३ | सरोज चौधरी | कार्यालय सहयोगी | | |


| | | | | |
|---|---|---|---|---|
| १४ | चुडामणि खरेल | कार्यालय सहयोगी | | |
| १५ | अमृत चौधरी | कार्यालय सहयोगी | | |
| १६ | बल बहादुर सुनार | स्वीपर | | |

## कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट २०८२ मंसिर र पुस मसान्तसम्म सञ्चालन गरिएका तालिम तथा अनुशिक्षण कार्यक्रमहरू संक्षिप्त विवरण


कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (KPTA)ले आ.व. २०८२/०८३ स्वीकृत कार्यक्रम अन्तर्गत प्रदेश सरकारका कर्मचारी, स्थानीय तहका कर्मचारी तथा निर्वाचित जनप्रतिनिधिहरूका लागि विभिन्न विषयगत तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरेको थियो। जम्मा **२० वटा तालिम कार्यक्रमहरू** सञ्चालन गरिएका थिए, जसमा **कुल ५११ जना सहभागी** थिए। तीमध्ये **३४८ जना पुरुष** र **१६३ जना महिला** सहभागी थिए।




प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूका लागि ४ वटा समूहमा सेवा प्रवेश तालिम सञ्चालन गरिएको थियो, जसमा **८२ जना** प्रदेश सरकारका कर्मचारी (४५ जना पुरुष र ३७ जना महिला) र **४१ जना** स्थानीय तहका कर्मचारी (३० जना पुरुष र १० जना महिला) को सहभागिता रहेको थियो।




तालिम कार्यक्रमहरूमा **नवनियुक्त प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम, विद्युतीय खरिद प्रणाली (e-GP), सामाजिक जवाफदेहिताका औजारहरू (सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण, सामाजिक परीक्षण, PETS र CSS)**को अनुशिक्षण गरिएको थियो, जहाँ **व्यावहारिक सिकाइका लागि मोक (mock) सत्रहरू** पनि सञ्चालन गरिएका थिए। साथै, कर्णाली प्रदेशका सबै स्थानीय तहका **GESI सम्पर्क व्यक्तिहरूको क्षमता अभिवृद्धि**का लागि **GESI परीक्षण, GRB कोडिङ र GESI मूलप्रवाहीकरण सम्बन्धि तालिम** सञ्चालन गरिएका थिए। स्थानीय तहका कर्मचारीहरूका लागि आयोजना गरिएका विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रमहरूमा जम्मा **३३३ जना कर्मचारीहरू** (२४३ जना पुरुष र ९१ जना महिला)को सहभागिता रहेका थिए।




यसका अतिरिक्त, **सल्यान जिल्लाका कालिमाटी गाउँपालिका र दार्मा गाउँपालिका**, तथा **जाजरकोट जिल्लाका शिवालय गाउँपालिका र कुसे गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सचिवहरूका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू** सञ्चालन गरिएका थिए जसमा तालिमको अन्तिम दिन जिल्लाका सरोकारवालाहरूसंग पेनल छलफल (Panel discussion) गरिएको थीयो। साथै, **सल्यानको बागचौर नगरपालिकाका महिला तथा दलित निर्वाचित जनप्रतिनिधिहरूका लागि रूपान्तरणकारी नेतृत्व (Transformative Leadership) तथा GESI सम्बन्धी तालिम** प्रदान गरिएको

थियो। उक्त कार्यक्रमहरूमा **५५ जना स्थानीय तहका निर्वाचित जनप्रतिनिधि** (३० जना पुरुष र २५ जना महिला)को सहभागिता हरेको थीयो। यस तथ्याङ्कहरूले कर्मचारी तथा निर्वाचित जनप्रतिनिधिहरूको अर्थपूर्ण सहभागिता देखाउनुका साथै तालिम कार्यक्रमहरूमा लैङ्गिक समावेशीतामा ध्यान दिइएको स्पष्ट गर्दछ।

२०८२ मंसिर र पुष महिनामा सञ्चालन गरिएका तालिम तथा अभिमुखीकरण कार्यक्रमहरूबाट प्रदेश तथा स्थानीय तहका कर्मचारी तथा निर्वाचित जनप्रतिनिधिहरूको **कार्यसम्पादन क्षमता, प्रणालीगत बुझाई र नेतृत्व कौशलतामा क्रमशः सुधार हुने अपेक्षा गरिएको छ।** सेवा प्रवेश तालिमबाट नवनियुक्त कर्मचारीहरू **संघीय शासन प्रणाली, सेवा प्रवाह र संस्थागत प्रक्रियामा अभ्यस्त हुँदै जाने** छन्। e-GP सम्बन्धी तालिमपछि सार्वजनिक खरिद प्रक्रियामा **पारदर्शिता, प्रतिस्पर्धा र समयबद्धता अभिवृद्धि हुने** अपेक्षा गरिएको छ। सामाजिक जवाफदेहिता औजारहरूको प्रयोगमार्फत स्थानीय तहमा **उत्तरदायित्व, नागरिक सहभागिता र सुशासन अभ्यास सुदृढ हुँदै जाने** विश्वास गरिएको छ। GESI परीक्षण, GRB कोडिङ र GESI मूलप्रवाहीकरणसम्बन्धी तालिमले नीति, कार्यक्रम र बजेटमा **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत रूपमा मूलप्रवाहीकरण गर्न सहयोग पुग्ने** अपेक्षा गरिएको छ। साथै, महिला तथा दलित निर्वाचित जनप्रतिनिधिहरूका लागि सञ्चालन गरिएका नेतृत्व विकास तालिमबाट **समावेशी र उत्तरदायी स्थानीय शासन प्रवर्द्धन हुने** अपेक्षा गरिएको छ।

✔